

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
prateekdaily.com

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
prateekdaily.com



साबुनपानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ १७ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्छ // 2021 May 31 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २७२


## बजेट राम्रो आयो तर वीरगंजलाई छोएन -उद्योगी व्यवसायी

राधेश्याम पटेल, परवानीपुर, १६ जेठ/

वीरगंजवासीले धेरै दिनपछि राम्रो बजेट आएको तर वीरगंजसंगै पर्सा–बारा क्षेत्रलाई बजेटले नछोएको प्रतिक्रिया दिएका छन् । अर्थमन्त्री विष्णु पौडेलले आव २०७८/७९ को लागि प्रस्तुत गरेको बजेट उद्योग–व्यवसाय जगत्को लागि सकारात्मक हुँदाहुँदै पनि वीरगंज कोरिडोरको लागि खासै राम्रो नभएको बताइएको छ ।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ताले बजेट समग्रमा राम्रो भए तापनि केही कमीकमजोरी रहेको बताए । "हामीले यस वर्ष पनि पर्सा–बाराका विभिन्न माग समेटेर अर्थमन्त्रीको ध्यानाकर्षण गराएका थियौं। आशा थियो, सरकारले यसपालि कोसेली दिन्छ," उनले भने, "तर कोसेली के पाउनु, जहिले नै वीरगंजले विभेद नै खेप्नुपर्छ, खाली हात भयौं ।"

उनले एक वर्षभित्र फास्ट ट्र्याक पूरा गर्नुपर्नेमा सोको लागि कम बजेट छुट्याइएको छ, अर्को निजगढ विमानस्थलको लागि बजेट आएन, सिमरा विमानस्थलको स्तरोन्नतिको कुरा थियो, यो सरकारले केही पनि सुनेको बताए। वीरगंजमा भौतिक पूर्वाधार विकासको लागि सरकारको कुनै योजना छैन ।

त्यसैगरी, वीरगंजका उद्योगी अशोक बैदले धेरै दिनपछि राम्रो बजेट आएको चर्चा गरे। तर उनले पर्सा–बारामा ड्स्टी कार्गो सेन्टर, ग्रेटर वीरगंज योजनालगायतका शीर्षकमा बजेट नछुट्याएको बताए । उनले हुलाकी राजमार्गको काम एक वर्षमा पूरा गराउन बजेट विनियोजना गरेकोमा खुशी व्यक्त गरे। युवाको लागि प्रमाणपत्र धितो राखेर २५ लाख रुपैयाँसम्मको ऋण दिलाउने योजना र १ करोड रुपैयाँसम्मको स्टार्टअप बिजनेसमा आयकर छुट दिइने सरकारको नीति स्वागतयोग्य भएको बताए ।

नेपाल उद्योग वाणिज्य महासङ्घ प्रदेश २ का अध्यक्ष गणेश लाठले विगत जस्तै बजेट परम्परागत र वितरणमुखी रहेको बताए । उनले एक वर्षको लागि बजेट सुनाउने तर कार्यक्रम चाहिं ५–६ वर्षसम्मको राख्दा कार्यान्वयनमा प्रश्नचिह्न उठ्ने गरेको प्रतिक्रिया दिए। पेट्रोलियम पाइपलाइनको योजना अमलेखगंजदेखि रसुवासम्म एक वर्षमा पूरा गर्ने भनिएको छ, त्यो चितवन वा लोथरसम्म भनिएको भए हुन्थ्यो। केही सामग्रीमा अन्तःशुल्क घटाइएको छ, जुन सकारात्मक कदम हो, उनको जिकिर थियो। पुस्तक आयातमा लगाइएको कर पनि घटाइएको छ, किसानलाई ढुवानी खर्चमा २० प्रतिशत अनुदान दिने भनिएको छ, जुन सकारात्मक कदम हुन्। शैक्षिक प्रमाणपत्र धितो राखेर युवालाई ऋण दिने, १६ वर्षमाथिलाई निश्शुल्क सिम केका लागि दिइने यस्ता कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्ने बताए ।



गणेश लाठ | सुबोध गुप्ता | अशोक वैद्य | जगदीश अग्रवाल | माधव राजपाल | प्रदीप जैसवाल

वीरगंज उद्योग वाज्यि सङ्घका उपाध्यक्ष माधव राजपालले सरकारले नयाँ बजेटमा कच्चा पदार्थ र तयारी पदार्थबीचको भन्सार दरबन्दी एक तह फरक गर्नेगरी ल्याएको बजेट राम्रो भएको बताए । उनले वीरगंज क्षेत्रका इन्धन तथा एलपी ग्यास उद्योगी–व्यवसायीले मूअकमा छुट पाउनेछन् भनेर आएको बजेट स्वागतयोग्य रहेको बताए। विद्युतीय गाडी आयातमा लिंदै आएको अन्तःशुल्क घटाएर आगामी २०८८ सम्म नेपालमा विद्युतीय गाडी प्रयोगलाई प्रोत्साहन गर्ने योजना सराहनीय भएको बताए छ ।

वीरगंजका उद्योगपति जगदीश अग्रवालले सरकारले बजेटमा भनिएको साढे ६ प्रतिशतको आर्थिक वृद्धिदर आगामी वर्ष पूरा नहुने विश्लेषण गरे । उनले चालू आवको लागि सरकारले ४ प्रतिशतको लक्ष्य राखे तापनि अर्थमन्त्रीले स्वयम् हिजो पूरा नहुने अनुमान गर्दा आगामी वर्ष साढे ६ प्रतिशत वृद्धिदर पूरा गर्न सरकारको खासै मुख्य योजना

(बाँकी अन्तिम पातामा)

## लागूऔषध मुद्दामा १६० जना पक्राउ

नितेश कर्ण, वीरगंज, १६ जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले चालू आवको जेठ १५ गतेसम्म लागूऔषधका १२१ वटा मुद्दा दर्ता भएको जनाएको छ।



पर्सा प्रहरीका प्रवक्ता प्रनाउ ओमप्रकाश खनाल । तस्वीरः प्रतीक

पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले लागूऔषधमा १२१ वटा मुद्दा दर्ता भएको र १५३ जना पुरुष र ७ जना महिलासहित १६० जना पक्राउ परेको बताए । उनले लागूऔषध गाँजा ४३४ किलो, चरेस १५३ कलो, अफिम ८ किलो, खैरो हेरोइन ६३ ग्राम, फेनारगन ६१२९ एम्पुल, डाइजेपाम ६९३८ एम्पुल, नर्फिन ६९१७ एम्पुल, नाइट्रोभेट ७८८९ थान, कोरेक्स १९९९ बोतल बरामद भएको जानकारी गराए ।

यसैगरी, जेठ १५ गतेसम्म हुन्डी कारोबारमा संलग्न २६ जनालाई पक्राउ गरिएको र १६ वटा मुद्दा दर्ता भएको प्रवक्ता प्रनाउ खनालले बताए । हुन्डी कारोबारमा १३ जना नेपाली, १३ जना भारतीय पक्राउ परेका र उनीहरूबाट २ करोड १८ लाख ९१ हजार नगद बरामद भएको बताए ।

यसैगरी, चालू आवको माघ र फागुनमा अवैध नेरु र भारुसहित दुईजना पक्राउ परेको उनले जानकारी गराए । भारु ५ लाख ८४ हजार र नेरु ३ लाख ९२ हजारसहित दुईजना पक्राउ परेको प्रवक्ता खनालले बताए । स्रोत नखुलेको कारण दुईजनालाई कसूर अनुसार कारबाई गरिएको उनले जानकारी गराए।

## वीरगंजमा चारजना सङ्क्रमितको मृत्यु

प्रस, वीरगंज, १६ जेठ/

कोरोना सङ्क्रमणबाट नारायणी अस्पताल वीरगंजमा उपचारार्थ भर्ना भएका चारजना सङ्क्रमितको आइतवार बिहान मृत्यु भएको छ ।

अस्पतालका कोभिड संयोजक डा सरोजरोशन दासले जीतपुरसिमरा उपमहानगर–१ निवासी ६० वर्षीय पुरुषको आइतवार बिहान डेढ बजे र वीरगंज महानगरपालिका–१६ मिथिलानगर निवासी ६५ वर्षीय पुरुषको बिहान ८ बजे मृत्यु भएको बताए ।

यसैगरी, रौतहट हिमालबस्ती निवासी ५५ वर्षीय पुरुषको दिउँसो १ बजे र रौतहट, मटिअर्वा निवासी ३२ वर्षीया महिलाको साँझ सवा ५ बजे मृत्यु भएको छ। यसैगरी, तराई अस्पतालमा पर्सागढी नगरपालिका–३ निवासी ६० वर्षीय पुरुषको आज दिउँसो २ बजे मृत्यु भएको जिल्ला प्रशासन कार्यालय, पर्साका प्रशासकीय अधिकृत विनयकुमार श्रीवास्तवले बताए ।

## वर्षाले मकैखेती गर्ने किसानलाई घाटा

प्रस, पर्सागढी, १६ जेठ/

यता केही समयदेखि निरन्तर पानी परेको कारण मकैखेती गरेका किसानहरूलाई घाटा भएको छ ।

पानी पर्नुअघि उत्पादित मकै प्रतिकिलो रु २५ मा बिक्री हुने गरेकोमा अहिले पानी परेकै कारण व्यापारीहरूले मूल्य घटाएका छन्। अहिले व्यापारीहरूले प्रतिकिलो रु १८ देखि २१ सम्म मकै खरीद गर्दैछन्। व्यापारीहरूले पानी परेको कारण मकैको दानामा सिम आएको र मकैको वजन बढेको भन्दै दाम घटाएका छन् । पर्सागढी नपाको वडा नं ३ को झबराहा, धुलीटार, कटहरिया र वडा नं ४ को बर्वाटाँडी, हरदासपुरमा मकैखेती हुँदै आएको छ । यी ठाउँमा धानखेती कम र मकैबाली बढी हुन्छ । मकै नगदेबाली भएकोले यहाँका किसानहरूले



पानीले भिजेको मकै सडकमा सुकाउँदै । तस्वीरः प्रतीक

वर्षमा दुईपटक यो बाली लगाउँदै आएका छन्। अर्को नगदेबाली सुर्तीखेती गर्छन्। सुर्तीबाट पनि नगद आउने हुनाले यहाँका किसानहरूको आकर्षण मकै र सुर्ती बालीमा छ।

## चमार समुदायलाई राहत वितरण

प्रस, वीरगंज, १६ जेठ/

जीराभवानी गाउँपालिका–४ मा



तस्वीरः प्रतीक

रहेको चमार समुदायलाई खाद्यान्न सहयोग गरेको पिस फर दलित फाउन्डेशन नेपालका अध्यक्ष मनोज रामले बताए ।

जीराभवानी गापा–४ चमारबस्तीका २७ प्रतिघरपरिवारलाई १० किलो चामल, १ किलो दाल, १ लिटर तेल, १/१ किलो आलु/नून, दुई थान साबुन, १ थान सर्फ, केही आयुर्वेदिक औषधि र २ थान मास्क गरी प्रतिव्यक्ति १ हजार ५० रुपैयाँबराबरको खाद्यान्न सहयोग गरिएको अध्यक्ष रामले बताए। चमार कल्याण समाज मलेसिया शाखाको आर्थिक सहयोगमा निषेधाज्ञा अवधिमा अतिविपन्न, गरीब, ज्येष्ठ नागरिक, चमारहरूलाई खाद्यान्न वितरण गरिएको उनले बताए ।

दैनिक जीवनयापनमा समस्या भोग्दै आएका उनीहरूलाई खाद्यान्न सहयोगबाट ठूलो राहत मिलेको छ । वैशाख १६ गतेदेखि निरन्तर निषेधाज्ञा जारी भएपछि आर्थिकरूपले विपन्न दलित, चमारहरूलाई केन्द्र, प्रदेश र स्थानीय सरकारले कुनै राहत वितरण गरेका छैनन्, जसले गर्दा दैनिक ज्याला मजदूरी गरेर जीवन बिताउनेहरूलाई निकै समस्या भइरहेको छ ।

सहयोगी संस्थाहरूको सहयोगमा आफूहरूले केही दलित, चमारहरूलाई मात्र राहत दिन सकेको अध्यक्ष रामले बताए। उनले पर्सा जिल्लामा रहेका यस्ता थुप्रै परिवारले राहतको आस गरिबसेको भन्दै सहयोगी संस्थाहरूलाई यस सम्बन्धमा विचार पुऱ्याउन र राहत वितरण गरी सहयोग गर्न आग्रह गरेका छन् ।

## टर्सरी निर्माणमा अनियमितता भएको आरोप

प्रस, वीरगंज, १६ जेठ/

नारायणी सिंचाइ डिभिजन कार्यालय



कमसल निर्माण कार्यबारे जानकारी गराउँदै कुर्मी । तस्वीरः प्रतीक

५ गण्डक बहुअरी अन्तर्गत रहेको ब्लक २ उपभोक्ता समितिले निर्माण कार्यमा व्यापक अनियमितता गरेको छ ।

ब्लक नं २ अन्तर्गत कालिकामाई गापा–१ तीनडोभियामा बनाएको नहरको पक्की टर्सरी निर्माण कार्यमा अनियमितता भएको जोकोहीले सजिलैसँग देख्न सक्छन् । उपभोक्ता समितिले १९० मिटर टर्सरी निर्माणको लागि ५ लाख ५० हजार रुपैयाँ खर्च गरेको छ । सो टर्सरी निर्माण भएको एक हप्ताभित्र नै भत्कन थालेको स्थानीय शिवप्रसाद कुर्मीले आरोप लगाए। कुर्मीले टर्सरी निर्माण कार्य चित्तबुझ्दो नभएको बताए ।

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**राम्रो अनुहार र मीठो बोलीले नाता स्थायी हुँदैन। त्यसका लागि त मन सफा र साँचो विश्वास हुनुपर्छ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# बजेट आयो

**सङ्घीय सरकारले अध्यादेशबाट पूर्ण आकारको बजेट ल्याएको छ। आउँदो आर्थिक वर्ष २०७८/७९ को लागि १६ खर्ब ४७ अर्ब ५७ करोड रुपैयाँ सिलिङको बजेट अर्थमन्त्री विष्णुप्रसाद पौडेलले शनिवार सार्वजनिक गरेका हुन्। यसअघि डा युवराज खतिवडा अर्थमन्त्री थिए। उनको राष्ट्रियसभा सदस्य पदावधि समाप्त भएकोले मन्त्रालयबाट बहिर्गमन हुनुपर्दा अर्थमन्त्रीमा पौडेल आएका हुन्। पौडेलले यसअघि नै अर्थ मन्त्रालय हाँकिसकेको भए तापनि ओली नेतृत्वको पछिल्लो सरकारमा भने उनको यो पहिलो बजेट भाषण हो। सरकारले चालू आर्थिक वर्षको तुलनामा ११.७२ प्रतिशत बजेट वृद्धि गर्दै आउँदो वर्षको बजेट आकार तय गरेको छ। यसका लागि चालू आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलन लक्ष्य भने २० प्रतिशत वृद्धि हुने अनुमान छ। मध्यावधि चुनाव घोषणा भइसकेको अवस्थामा कामचलाउ सरकारले आंशिक अर्थात् कामचलाउ बजेट मात्रै ल्याउन पाउने र पूर्ण बजेट ल्याउँदा असंवैधानिक हुने भन्दै विभिन्न पक्षबाट खबरदारी भइरहेकै अवस्थामा पूर्ण बजेट आएको हो।**

**कोरोनाले थिलथिलो पार्नुका साथै मुलुकको राजस्व घट्दो र राजनीतिक खिंचातानीले अस्थिरता निम्तिरहेको बेला बजेट खासै उत्साहजनक नआउने अधिकांशको अनुमान थियो। तर सो अनुमानभन्दा केही फरक किसिमले बजेट प्रस्तुत भएको छ। महामारीको समयमा कुनै पनि मुलुकको पहिलो लडाइँ महामारीविरुद्ध हुनुपर्छ। नागरिकको जीवनरक्षा सरकारको पहिलो दायित्व हो। सो मुताविक सरकारले स्वास्थ्य क्षेत्रको बजेट पहिलोपटक १ खर्बभन्दा माथि पुऱ्याएको छ। आर्थिक वर्ष २०७८/७९ का लागि सरकारले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई १ खर्ब २२ अर्ब ७७ करोड रुपैयाँको बजेट विनियोजन गरेको छ। स्वास्थ्य मन्त्रालयको बजेटबाहेक खोप व्यवस्थापन गर्न २६ अर्ब ७५ करोड रुपैयाँ विनियोजन गरिएको छ। खोपसहित कुल कोभिड रोकथाममा र ३७ अर्ब ५३ करोड बजेट विनियोजन भएको छ। महामारीबाट बच्न भरपर्दो उपाय खोप मात्रै देखिएको अवस्थामा खोप खरीद गरेर निश्शुल्क खोप प्रदान गर्ने कुराले मुलुकवासीमा आशाको सञ्चार भएको छ। जति नै नकारात्मक पक्ष भएपनि तिर्खाले छटपटिएको प्राणीको लागि पानी सबैभन्दा ठूलो खुशी हो।**

**हरेक बजेट भाषणमा कर थपिने गरेको कारण डा खतिवडाको कार्यकालमा सरकारको आलोचना हुने गर्थ्यो। सोविपरीत वर्तमान अर्थमन्त्री पौडेलले धेरै क्षेत्रमा कर छुट दिएको घोषणा गरेका छन्। उक्त घोषणाको पनि आलोचना शुरू भएको छ। कर छुट कानून सम्मत छ/छैन भन्नेबारेमा नागरिक बहस शुरू भइसकेको छ। खासमा यो बजेटले पत्रकारिता क्षेत्रबाहेक अन्य क्षेत्रहरूका लागि केही न केही ल्याएको छ। पाँच वर्षपछि प्रहरीको रासनभत्ता बढ्यो। चौतर्फी विरोधका बावजूद पनि ज्येष्ठ नागरिक भत्ता एक हजार वृद्धि गरिएको छ भने अन्य कर्मचारीलाई मासिक २ हजार रुपैयाँ भत्तामा वृद्धि गरिएको छ। त्यसैगरी, कृषि र शिक्षा क्षेत्रलाई सम्बोधन गरेको छ। निजी क्षेत्रलाई छुटैछुट छ। समग्रमा बजेट सकारात्मक र जनता रिझाउने खालको छ। तर बजेटको लागि आम्दानीको स्रोत र बजेट कार्यान्वयन पक्ष भरोसायोग्य हुनुपर्छ। दुवै पक्ष कमजोर देखिएका छन्। यसर्थ प्रस्तुत बजेट वर्तमान सरकारको नेतृत्वकर्ता पार्टीको चुनावी नारा मात्रै बन्न सक्ने खतरा पनि उत्तिकै छ।**

# लकडाउनमा अनलाइन कक्षाको सार्थकता

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**विद्यालय विद्यार्थीहरूको समग्र विकासको केन्द्र हुन्छ। खेलकूद, अतिरिक्त क्रियाकलाप, अनुशासन र नेतृत्व क्षमता विद्यालयमा नै विकसित हुन्छ। मित्रता निर्वाह गर्ने र सहयोग गर्ने गुण विद्यालयमा स्वतः विकसित हुन्छ। सामुदायिकताको बोध र समाजीकरण विद्यालयमा नै सम्भव हुन्छ।**

लकडाउनले सबैभन्दा बढी केटाकेटीहरूको जीवनलाई प्रभावित गरेको छ। खानपानदेखि खेल्ने–उफ्रने सम्मको गतिविधि कुनै पनि रूपमा पहिलेजस्तो रहेन। पढाइ–लेखाइमा पनि एक प्रकारको परिवर्तन देखा परेको छ। यस परिवर्तनलाई आधार दिने काम सूचना र सञ्चारका उपकरणहरूले गरेका छन्। यस परिवर्तनलाई हामीले 'अनलाइन कक्षा'को रूपमा हेरेका छौं। आफ्नो सन्तानको भविष्यलाई लिएर सबैभन्दा बढी चिन्तित रहने मध्यमवर्गले यस परिवर्तनलाई सजिलै स्वीकार गरेको छ। आज पुनः हामी दोस्रोपटक लकडाउनमा छौं। केटाकेटीहरूको भविष्यलाई लिएर पुनः अभिभावक र शिक्षकहरू चिन्तित छन्। शिक्षा मन्त्रालयले जबसम्म यस विषयमा कुनै ठोस निर्णय दिंदैन, होनहार विद्यार्थीहरू आफ्नो समय र शोख सामाजिक सञ्जालमा खर्च गरिरहेका छन्। शिक्षामन्त्रीको सल्लाह अनुसार 'स्टे एट होम र स्टडी एट होम'को नारासहित विद्यालय खोल्ने प्रबन्धमा सम्बन्धित निकाय लागेको छ। शिक्षाको जिम्मा पाएको स्थानीय सरकार कसको प्रतीक्षा गरिरहेको छ, थाहा छैन।

केटाकेटीहरूसँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घको संस्था युनिसेफले विश्वभरिका करीब ४६ करोड ३० लाख केटाकेटी, लकडाउनका कारण विद्यालय बन्द रहेकोले, पढाइबाट वञ्चित रहेको प्रतिवेदनमा उल्लेख गरेको छ। चाखलाग्दो कुरो के छ भने लकडाउनमा अर्थिक क्षेत्रमा पर्ने विनाशकारी प्रभावको चर्चा सर्वत्र हुन्छ तर लामो समयसम्म विद्यालय र क्याम्पस बन्द हुँदा केटाकेटीहरूमाथि पर्ने प्रभावबारे कुनै चिन्ता देखिंदैन। लकडाउनमा अनलाइन कक्षा प्रारम्भ गरेर धेरैजसो शैक्षिक संस्थाहरूले के बुझेका छन् भने उनीहरूले आफ्नो शिक्षा दिइरहेका छन् र केटाकेटीहरूको पढाइमा लकडाउनको कुनै प्रभाव परेको छैन।

अनलाइन कक्षाको अर्थ इन्टरनेटको माध्यमले शिक्षक र विद्यार्थीबीच विषयगत संवाद हुनु। यसमा सहभागी हुनका लागि एउटा स्मार्ट फोन, टैबलेट, ल्यापटप, डेस्कटप, इन्टरनेट र केही विशेष साफ्टवेयर आवश्यक हुन्छ। यसका साथै शिक्षक, विद्यार्थी र अभिभावकहरूमा अलिकति पनि प्रविधिको ज्ञान हुनु जरूरी हुन्छ। यसमा सकारात्मक कुरा के छ भने आज सदरमुकामका साथै गाउँलेहरूलाई पनि यसबारे बृहत्त ज्ञान छ। ठूला कक्षाका विद्यार्थीहरूका लागि उनका अभिभावक दक्ष छन् कि छैनन् यसबाट कुनै फरक पर्दैन तर साना कक्षाका केटाकेटीहरू पूर्णरूपले अभिभावकमाथि निर्भर हुन्छन्। गत वर्षको तीतो अनुभवका कारण सानोतिनो मोबाइलले काम चलाउने परिवारले पनि राम्रो स्मार्ट फोन लिइसकेका छन्। शिक्षकहरू पनि यसका लागि तयार छन्। उनीहरूले यसलाई कोरोनाकालको उपलब्धि ठानेका छन्।

हाम्रो देशमा विद्यालय शिक्षाको वर्गीकरण अभिभावकको आर्थिक हैसियत अनुसार निर्धारित गरिन्छ। यस वर्गीकरणको प्रभाव 'अस्थायी' अनलाइन कक्षामा पनि प्रस्टरूपले देखिन्छ। सुविधासम्पन्न वर्गसँग जोडिएको विद्यालयहरू र त्यसमा अध्ययनरत विद्यार्थीहरू अत्याधुनिक प्रविधिका साथ अनलाइन कक्षामा उपस्थित हुन्छन्। तर आर्थिकरूपले विपन्न परिवार यसबाट वञ्चित छन्। यहींनिर एउटा गम्भीर प्रश्न के उठ्छ भने के अनलाइन शिक्षा नियमित कक्षाको विकल्प हुन सक्छ ? एउटा शिक्षकको रूपमा मेरो जवाफ 'हुँदैन' नै हुन्छ। यस जवाफको पछि मेरा केही ठोस तर्कहरू छन् जो गत वर्ष मेरो साथीको दुईवटा सन्तान र एउटा शिक्षकको रूपमा मेरो सामु आएको थियो।

कुनै पनि केटा वा केटी सानो कक्षा होस् वा ठूलो एक्लै, आफ्नो व्यक्तित्वका साथ विद्यालय जाने गर्छन्। घरबाट विद्यालय जाँदा वा विद्यालयबाट घर फर्कंदा एक्लै सबै खाले परिस्थिति र क्रियाकलापबाट प्रभावित हुन्छन्। एउटा विद्यार्थीको रूपमा कुनै पनि केटा वा केटी दिनभरि आफ्नै उमेर समूहका केटाकेटीहरूका साथ सबैभन्दा बढी समय विद्यालयको आफ्नै कक्षामा व्यतीत गर्छन्। नयाँ सांस्कृतिक र सामाजिक शहरी परिवेशले केटाकेटीहरूको एउटै उमेर समूहलाई विद्यालयको कक्षामा मात्र सीमित गरिदिएको छ। अनलाइन कक्षाको शक्ति र सीमाको आकलन केबाट पनि गर्न सकिन्छ भने इन्टरनेट सम्पर्क देशका धेरै सीमित घरमा छ र त्यहाँ पनि नेटवर्कको समस्या लगातार भइरहन्छ। अर्कोतिर साधनस्रोतको अभावले गर्दा नेपाल अन्य मुलुकभन्दा बढी जोखिममा रहेको छ।

लकडाउनको यस विषम परिस्थितिमा साना कक्षाको सन्दर्भमा अनलाइन शिक्षाको एउटा विशेषता के देख्न सकिन्छ भने प्राविधिक सहयोग, घरको वातावरण, स्यानो घर, उनीहरूको निगरानी र त्यसको लागि उपयुक्त अवसरजस्ता कैयन कारणले योगदान पुऱ्याइरहेको हुन्छ। यसमा केटाकेटीहरूको अनलाइन कक्षामा उनीहरूसँगै परिवारको एक वा एकभन्दा बढी सदस्य सामेल हुन्छन्। विद्यालयको कक्षामा त्यही छात्र आफ्नो बेंचमा परिवारका कुनै सदस्यको साथ बस्दैन तर घरमा हुने अनलाइन कक्षामा घरको कुनै न कुनै सदस्यको साथ अवश्य बसेको हुन्छ। ससाना केटाकेटीहरूको हकमा यो कुरा शत प्रतिशत देखिन्छ। कैयौंपटक त पूरा परिवार साथ हुन सक्छ। परिवारका सदस्यहरूको यस खाले सहयोगले केटाकेटीहरूलाई दबाबमा राख्छ। विद्यालयको कक्षामा केटाकेटीहरूमाथि यस प्रकारको दबाब हुँदैनन्।

यस प्रकारको कक्षामा विद्यार्थी जीवनको चञ्चलता, साथीहरूसँग गरिने स्वच्छन्द व्यवहार, हाँस्ने, उफ्रनेजस्ता सामान्य व्यवहारको स्थिति गायब हुन्छ अर्थात् रहँदैन। शिक्षकको कुरा नसुन्दा वा नबुझ्दा साथीहरूसँग बुझ्ने स्थिति घरमा हुने अनलाइन कक्षामा हुँदैन। एउटा शिक्षकलाई कुन विद्यार्थीले बुझ्यो, कसले बुझेन भन्ने कुरा थाहा हुँदैन। कक्षामा पढाउँदा एउटा सामान्य शिक्षकले पनि केटाकेटीहरूको हाउभाउ वा उसको अनुहार र आँखा पढेर विद्यार्थीले बुझिराखेको कि छैन भन्ने कुरा थाहा पाउन सक्छ तर अनलाइन कक्षामा यो सम्भव हुँदैन।

यस कारण अनलाइन शिक्षा विद्यालय कक्षाको विकल्प हुन सक्दैन। तर कोरोनाजस्तो भायावह विपत्मा एउटा अस्थायी अल्पकालीन व्यवस्था अवश्य हुन सक्छ। घरमा पढाइ हुने यस व्यवस्थामा शिक्षण सामग्रीको अभाव, कालोपाटीको कमी, प्रस्ट नबुझ्दा जिज्ञासा राख्ने अवसर, सबैमाथि निगरानी राख्नु, मनोविज्ञान बुझ्ने सम्भव देखिंदैन। आँखासँग आँखा जुधाएर पढाउनु, कुरा गर्नु, सम्झाउनु र जानकारीको आदान–प्रदानको एउटा बेग्लै महत्त्व हुन्छ। पढाउँदा–पढाउँदै घरको कक्षाकोठामा कुराकानी हुनु वा कुनै कामको लागि अभिभावकद्वारा अऱ्हाइनु आम समस्या हो। यसबाहेक भिडियो बन्द राख्नुको पछाडि पनि कैयन तर्कहरू थिए। जस्तै डेटा पैक छिट्टै समाप्त हुनु, नेट बाधित हुनु, आवाज प्रस्ट नसुनिनु, पिडिएफ फाइल नखुल्नु वा एप डाउनलोड नहुनु जस्ता प्रमुख कारणहरू थिए।

विद्यालय विद्यार्थीहरूको समग्र विकासको केन्द्र हुन्छ। खेलकूद, अतिरिक्त क्रियाकलाप, अनुशासन र नेतृत्व क्षमता विद्यालयमा नै विकसित हुन्छ। मित्रता निर्वाह गर्ने र सहयोग गर्ने गुण विद्यालयमा स्वतः विकसित हुन्छ। सामुदायिकताको बोध र समाजीकरण विद्यालयमा नै सम्भव हुन्छ। यस कारण विद्यालयको ठाउँ कहिल्यै पनि घरमा हुने अनलाइन कक्षाले लिन सक्दैन। तर के बुझ्नु आवश्यक छ भने कुन परिस्थितिमा यस विकल्पको प्रयोग भइरहेको छ ?

अनलाइन कक्षाको केही सकारात्मक प्रभाव छ तर यसको सीमा बुझ्नु पनि त्यति नै आवश्यक छ। यस प्रकारको कक्षा स्वाध्ययनको लागि मानसिकरूपले अनुशासित विद्यार्थीहरूको लागि अति उपयोगी हुन्छ। हुनत विश्वभरि नै विद्यालय शिक्षा व्यवस्थामा साना विद्यार्थीदेखि किशोर उमेर समूहका विद्यार्थीहरूमा पढाइप्रति रुचि विकसित गर्नु र त्यसलाई कायम राख्नु वर्तमानको सबैभन्दा ठूलो चुनौती मानिन्छ। यो केटाकेटीहरूको सहज विशेषतासँग जोडिएको सत्य हो। बाध्यतावश आयोजित हुने यस प्रकारको कक्षालाई केही हदसम्म प्रभावी बनाउन सबैभन्दा ठूलो काम कक्षामा विद्यार्थीहरूको सङ्ख्या कम गर्नु हो। यसो गरेर मात्र यस प्रकारको कक्षालाई केही हदसम्म उपयोगी बनाउन सकिन्छ तर हाम्रो देशको वर्तमान शिक्षा व्यवस्थामा, त्यो संस्थागत होस् वा सामुदायिक, सम्भव देखिंदैन किनभने भौतिक सुविधाको हिसाबले हामीकहाँ विद्यालयहरूको स्थिति दयनीय नै छ। यसबाहेक सधैं मास्क लगाउने र सुरक्षित दूरी कायम राख्ने विश्वास केटाकेटीहरूबाट गर्न सकिंदैन।

वर्तमानमा शिक्षाको यस विकल्पलाई प्राविधिकरूपले विकसित पनि गरिंदै छ, जसबाट पढ्न र पढाउनु सुलभ र सरल हुन सकोस्। वर्तमान जटिल परिस्थिति र समयले हामीलाई धेरै कुरा सिकाएको छ, जसमा अनलाइन शिक्षा पनि एउटा हो। तर अनलाइन कक्षाको नाउँमा पढाइको दिखावाको आधारमा केटाकेटीहरूसम्म शिक्षाको प्रकाश पुगिरहेको निष्कर्षमा भने पुग्न सकिन्न। हामीले कुनै यस्तो बाटो अवलम्बन गर्नुपर्छ जसमा पढाइबाट वञ्चित रहेका वा पछि परेका केटाकेटीहरू कोरोनाकाल समाप्त भएपछि विशेष व्यवस्था अन्तर्गत आफ्नो कोर्स पूरा गर्न सकून्। यदि यो सुनिश्चित गरिएन भने यस अवधिमा पढाइमा भएको नोक्सानीको भर्पाई कहिल्यै हुन सक्दैन र समाज र अर्थव्यवस्थाले लामो समयसम्म यसको परिणाम भोग्नुपर्छ। यसतर्फ पनि ध्यान दिइयो भने मात्र अनलाइन कक्षा सार्थक हुन सक्छ।

# सङ्क्रमण रोक्न 'सूक्ष्म योजना'

बागलुङ, १६ जेठ/रासस

एक समय थियो कोरोना सङ्क्रमित छेउ पर्न चिकित्सक, स्वास्थ्यकर्मी नै धक मान्थे। महामारीको पहिलो लहरताका आइसोलेशनमा भर्ना भएका बिरामीलाई चिकित्सकले फोनबाटै स्वास्थ्य स्थिति बुझेका खबर पनि सार्वजनिक भए।

विश्वव्यापी फैलिएको कोरोना महाव्याधिले सर्वत्र त्रासदी छाएको थियो। सङ्क्रमितलाई अस्पताल ल्याउन एम्बुलेन्स चालक तयार हुन्थेनन्। कतै सङ्क्रमित देखिएमा गाउँछिमेकले नै दुरदुर गर्थे। उपेक्षामा पर्ने डरले सङ्क्रमित खुल्न डराउँथे।

कोरोनाको दोस्रो लहर आइपुग्दा अवस्था त्यस्तो छैन। गत वर्ष भय र आतङ्क बढी थियो, सङ्क्रमण कम। अहिले महामारी भयावह बनेको छ तर त्रास घट्दो छ। यस अवधिमा कोरोना नियन्त्रण, रोकथाम, उपचार र व्यवस्थापनमा सिङ्गो राज्य संयन्त्र लाग्यो।

जनस्तरबाट पनि महामारीविरुद्धको लडाइँमा हातेमालो भयो, भइरहेको छ। अहिले सङ्क्रमण तीव्र छ। गाउँगाउँ फैलँदो छ। महामारीको चक्र तोड्न सामूहिक प्रयत्नको खाँचो छ। हरहालतमा सङ्क्रमण रोक्नु छ। त्यसकै लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'सूक्ष्म योजना' लागू गरेको छ।

स्वास्थ्य कार्यालयका प्रमुख सुरज गुरौका अनुसार इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले तयार गरेको कार्ययोजनामा टेकेर स्थानीय तहहरू अहिले कोरोना नियन्त्रणमा जुटेका छन्। "सङ्क्रमण घटाउने उद्देश्यले सूक्ष्म योजना बनेको हो, पहिले स्वास्थ्यकर्मी मात्रै खट्थे भने अहिले सबै पक्षको भूमिका खोजिएको छ," उनले भने।

गाउँबस्तीसम्मै कोरोना सहजीकरण समूह बनाएर काम थालिएको र त्यसको प्रभावकारिताबारे अनुगमन पनि गरिने कार्यालयले जनाएको छ। कोरोनाविरुद्धको अभियानमा अहिले स्वास्थ्यकर्मीसहित स्थानीय जनप्रतिनिधि, सामाजिक सङ्घसंस्था, स्वयंसेवी समूहलगायत परिचालित छन्।

"कतिपय स्थानीय तहले वडास्तरमा रहेका विपद् व्यवस्थापन समितिलाई त्यसको जिम्मेवारी दिएका छन्, कसैले आफ्नो अनुकूल योजना बनाएर काम गरिरहेका छन्," प्रमुख गुरौले भने। कार्यालयले साता दिनअघि नै सूक्ष्म योजना (माइक्रो प्लान) बनाएर कोरोना नियन्त्रणमा लाग्न परिपत्र गरेको थियो। जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्र र जिल्ला समन्वय समितिले पनि सो योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पहल र समन्वय गरिरहेको छ।

समुदायस्तरमा बनेका सहजीकरण समूहले टोलबस्तीमा पुगेर सङ्क्रमितको निगरानी गर्ने, होम आइसोलेशनमा स्वास्थ्य मापदण्ड पालना भए/नभएको अनुगमन गर्ने, सङ्क्रमितको कन्टयाक्ट ट्रेसिङमा सघाउने, बिरामीको अवस्था हेरेर थप उपचारका लागि अस्पताल पुऱ्याउन सहयोग गर्नेलगायतका कार्य गर्छन्।

कोरोना घर-घरमा पुगेकोले एकअर्का सदस्यमा सर्नबाट जोगाउनु नै अहिले मुख्य चुनौती छ। होम आइसोलेशनमा बसेका सङ्क्रमितलाई स्वास्थ्य सचेतना, मनोपरामर्श, आधारभूत उपचार र स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीको खाँचो छ।

गलकोट नगरपालिका-२ का वडाध्यक्ष हेमन्त भण्डारीले अझै पनि सोचेजसरी होम आइसोलेशनमा बसेका

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा कोभिड सङ्क्रमितको सङ्ख्यामा व्यापक गिरावट

नयाँ दिल्ली, १६ जेठ/सिन्ह्वा

कोरोना भाइरस महामारीको दोस्रो लहरबाट प्रभावित भारतमा विगत २४ घण्टाको अवधिमा सङ्क्रमितको सङ्ख्यामा व्यापक गिरावट आएको छ।



दक्षिण भारतको कोयम्बतुरस्थित कामातचीपुरी अधिनाम मन्दिरमा कोरोनादेवीको पूजा आराधना गर्दै पुजारीहरू। तस्वीरः एएफपी

गत मे ९ तारिखमा एकै दिन चार लाखभन्दा बढी सङ्क्रमित फेला पारिएकामा विगत २४ घण्टामा त्यो सङ्ख्या घटेर एक लाख ६५ हजार मात्र देखिएको भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

योसहित भारतमा आइतवारसम्म कुल सङ्क्रमितको सङ्ख्या दुई करोड ७९ लाख पुगेको छ। र सक्रिय सङ्क्रमितको सङ्ख्या भारतमा अझै २१ लाख १४ हजार रहेको छ। विगत २४ घण्टामा एक लाख १४ हजारले सक्रिय सङ्क्रमितको सङ्ख्यामा कमी आएको पनि मन्त्रालयले जनाएको छ।

भारतमा हालसम्म दुई करोड ५५ लाख व्यक्ति कोभिड-१९ बाट सङ्क्रमणमुक्त भएका छन्।

तर भारतमा कोभिड-१९ को सङ्क्रमणबाट भइरहेको दैनिक मृत्युदरमा सामान्य गिरावट आए पनि तीव्र सुधार हुन सकेको छैन। मन्त्रालयका अनुसार भारतमा पछिल्लो २४ घण्टामा तीन हजार ४६० जनाको ज्यान गएको छ। योसहित भारतमा कुल मृतकको सङ्ख्या तीन लाख २५ हजार ९७२ पुगिसकेको छ।

कोरोना भाइरस महामारीबाट आम जनतालाई सुरक्षित राख्न गत जनवरीदेखि नै खोप अभियान सञ्चालन गरेको भारतले देशभर हालसम्म २१ करोड २० लाख डोज खोप लगाएको छ। शनिवार एकै दिन भारतमा ३० लाखभन्दा बढी व्यक्तिलाई खोप दिइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

भारतले हाल १८ वर्षभन्दा माथिको उमेर समूहका सबै व्यक्तिलाई खोप दिइरहेको छ। तर खोपको माग तीव्र भएपनि आपूर्ति त्यसअनुरूप हुन नसकेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

यसैबीच, भारत सरकारले देशभर कोभिड-१९ को परीक्षणलाई तीव्र बनाएको छ। शनिवारसम्म भारतमा ३४ करोड ३२ लाख नमूना परीक्षण गरिएको छ, जसमध्ये शनिवार एकै दिन २० लाख ६३ हजार नमूना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले जनाएको छ।

भारतमा हाल तीन किसिमका खोप प्रयोगमा ल्याइएको छ। भारत सरकारले सेरम इन्स्टिच्युटले उत्पादन गरिरहेको कोभिसिल्ड, कोभ्याक्सिन र रसिया निर्मित स्पुतनिक भी खोपलाई प्रयोगका लागि अनुमति दिएको छ।

कतिपय राज्यमा भारत सरकारले निश्शुल्क खोपको व्यवस्था गर्नुका साथै निजी संस्थाबाट खोप बिक्रीका लागि अनुमति दिएको छ।

### जापानमा १२ देखि १५ वर्ष उमेरलाई फाइजरको खोप दिन स्वीकृति

टोकियो/एएनआई

जापानमा फाइजरको कोरोना भाइरसविरुद्धको खोप १२ देखि १५ वर्षसम्मका बालबालिकालाई पनि दिइने भएको छ।

स्वास्थ्य मन्त्रालय अन्तर्गतको विज्ञहरूको समूहले फाइजरको खोप बालबालिकालाई पनि दिन सकिने गरी स्वीकृति दिएको हो।

फाइजरको खोप प्रयोगका लागि यो उमेर समूहलाई अहिले थप गरिएको हो। १६ वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिलाई भने यसअघिदेखि नै यो खोप उपयोग हुँदै आएको थियो।

मन्त्रालयले आगामी सोमवार सो समूहका लागि फाइजार खोप निश्शुल्क उपलब्ध गराउने निर्णय सरकारले गर्ने अपेक्षा पनि गरेको छ।

यो खोप उनीहरूलाई उपयोग गर्न उपयुक्त हुन्छ कि हुँदैन भन्नेबारेमा चिकित्सकीय परीक्षणका लागि दुई हजार २६० बालबालिकालाई लगाइएको थियो।

परीक्षणबाट सकारात्मक नतीजा आएपछि विज्ञ तथा सरोकारवालाहरूले खोप १२ देखि १५ वर्षसम्मका बालबालिकालाई पनि लगाउने अनुमति दिन सकिने सुझाव दिएका हुन्।

स्वास्थ्यकर्मीसहित अग्रपङ्क्तिमा खटिएका वयस्क व्यक्तिहरूलाई फाइजरको खोप लगाउने अनुमति भने जापानमा गत फेब्रुअरीमा नै दिइएको थियो। रासस

## यमनका हुथी विद्रोहीद्वारा साउदी हवाई अखडामा ड्रोन आक्रमण

साना, १६ जेठ/सिन्ह्वा

यमनका हुथी विद्रोहीले साउदी अरेबियाको दक्षिणी सीमावर्ती क्षेत्रको किङ खालिद एयर बेस (हवाई अखडा) मा आइतवार बिहानै बमजडित ड्रोनमार्फत आक्रमण गरेको छ।

यमनसँग सीमा जोडिएको साउदी अरेबियाको सीमावर्ती खामिस मुशाएट शहरमा रहेको हवाई अखडामा बम आक्रमण गरिएको हुथी विद्रोहीले जनाएका छन्।

हुथी समूहका सैनिक प्रवक्ता येहेया सारिएले हुथीद्वारा सञ्चालित अल-मासिरहा टिभीसँग कुरा गर्दै आफूहरूले प्रहार गरेको ड्रोनले साउदी हवाई अखडामा सही निशाना लगाएको दाबी गरे।

यसैबीच, साउदी अरेबियाको गठबन्धनले खामिस मुशाएटलाई लक्षित गरी हुथी समूहले प्रहार गरेको ड्रोन बमलाई निष्क्रिय पारिएको बताएको छ।

अल अरेबिया टिभीका अनुसार हुथी विद्रोहीले झन्डै २४ घण्टाको अवधिमा गरेका दुई यस्तै हमलालाई साउदी सेनाले विफल पारिदिएको छ।

गत फेब्रुअरीदेखि इरान समर्थित हुथी समूहले सीमा वारपार क्षेप्यास्त्र र ड्रोन आक्रमणलाई तीव्र बनाएको छ। तेल खानी रहेको मध्य यमनको मारिब प्रान्तलाई नियन्त्रणमा लिन साउदी समर्थित यमनी सरकारको सेनाले कारबाई थालेयता हुथी विद्रोहीले पनि आक्रामक कारबाई शुरू गरेका छन्।

हालै मात्र संयुक्त राष्ट्रसङ्घको अग्रसरतामा यमनका परस्पर विद्रोही समूहहरूबीचको वार्ता पनि विनानिष्कर्ष समाप्त भएपछि थप अन्योल बढेको छ।

यमनमा सन् २०१४ देखि नै गृहयुद्ध जारी छ। हुथी विद्रोहीहरूले देशका धेरैवटा उत्तरी प्रान्तलाई नियन्त्रणमा लिनुका साथै राजधानी सानाबाट अन्तर्राष्ट्रियरूपमा मान्यताप्राप्त सरकारलाई विस्थापित गरेको छ। राष्ट्रपति अब्द-राब्बु मन्सुर हादी हाल राजधानी सानालाई छाडेर अन्यत्रबाट शासन चलाइरहेका छन्।

साउदी अरेबियाको अग्रसरतामा बनेको इरानबाहेकका अरब देशहरूको गठबन्धनले हादीको सरकारलाई समर्थन जनाउँदै सन् २०१५ को मार्चदेखि यमन द्वन्द्वमा हस्तक्षेप गर्न थालेको छ। रासस

## उच्च शिक्षा प्राप्त गर्ने ९० प्रतिशतले रोजगार पाए : प्रतिवेदन

बेइजिङ, १६ जेठ/सिन्ह्वा

विगत पाँच वर्षको तथ्याङ्क विश्लेषण गर्दा चीनका व्यावसायिक उच्च शिक्षा विषय अध्ययन गर्नेमध्ये करीब ९० प्रतिशतले रोजगार पाएको देखिएको छ। आइतवार सार्वजनिक प्रतिवेदनमा स्नातक अध्ययन पूरा गरेको छ महीनाभित्रै उनीहरूले रोजगार पाइसकेको उल्लेख छ।

नेशनल इन्स्टिच्युट अफ एजुकेशन साइन्सले तयार पारेको प्रतिवेदनमा व्यावसायिक (भोकेशनल) विषयका स्नातकहरूले रोजगार पाउने अवस्था पाँच वर्षदेखि स्थिर रहेको उल्लेख छ। स्नातक उपाधि प्राप्त गरेका त्यस्ता व्यक्तिको सन् २०१८ र २०१९ मा आफ्नो तलबमानमा ७.३७ प्रतिशतले वृद्धि भएको देखिएको छ।

स्नातक गरेका ९३ प्रतिशतभन्दा बढीले आफूहरूले प्राप्त गरेको शिक्षाबाट सन्तुष्ट रहेको बताएका छन्, प्रतिवेदनमा समेटिएका विद्यार्थीको भनाइ छ।

प्रतिवेदनका अनुसार अधिकांश स्नातकले निजी क्षेत्र र व्यक्तिगत व्यवसायमा काम पाएका छन्। उनीहरूले खासगरी शिक्षा, निर्माण, स्वास्थ्य र सामाजिक सेवाका क्षेत्रमा काम पाएका छन्।

प्रतिवेदनमा व्यावसायिक शिक्षाले क्षेत्रीय विकासमा पनि टेवा पुऱ्याएको उल्लेख छ। स्नातक विद्यार्थीमध्ये अधिकांशले आफू बसोबास गरेकै क्षेत्रमा काम गर्न रुचाएको देखिएको छ। करीब ६६ प्रतिशतले साना तथा मध्यम आकारका उद्यममा काम पाएका छन्। यसबाट स्थानीय अर्थतन्त्रको विकासका लागि आवश्यक प्रतिभाहरू उपलब्ध गराउन ठूलो मदत पुगेको पनि प्रतिवेदनमा जनाइएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — कर्मप्राप्ति | वृष — अलमल |
| मिथुन — रोगभय | कर्कट — व्यापारवृद्धि |
| सिंह — शत्रुभय | कन्या — कार्यनाश |
| तुला — भयचिन्ता | वृश्चिक — मित्रमिलन |
| धनु — कान्तिक्षय | मकर — सुयश |
| कुम्भ — खर्चवृद्धि | मीन — धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## सदाबहार अन्योल

अचेल नेताहरूको गैरराजनीतिक आचरणले गर्दा न्यायालयको खटनपटन र आदेशमा सरकारको बत्ती निभ्ने र बल्ने गरेको छ। अदालतकै आदेश शिरोधार्य गर्दै पुनर्स्थापित संसद्लाई ओलीले पुनः विघटन गरी मध्यावधि निर्वाचन घोषणा गरेपछि इतरपक्ष पुनः अदालत परिसरमा लम्पसार परेको देखिन्छ। धमाधम राजनीतिक मुद्दाहरू अदालतमा प्रस्तुत हुन थालेपछि अन्य मुद्दाहरू (भारेभुरे भन्दै) पेन्डिङमा जान थालेको छ। नेपालका अदालतमा पहिलेदेखि नै हजारौं मुद्दा असरल्ल परेको सबैलाई थाहै छ। भनिन्छ, अचेलको संसद् विघटनलाई ओलीले नाकतिरबाट नभई कानतिरबाट मुख छोएको भन्दा रहेछन्। अर्थात् यो विघटनामा ओलीले पूरा मेहनत गरेका छन् रे। ओली त अचेल उपरखुट्टी लगाएर आफ्नो तारणहारहरूलाई कुन-कुन मन्त्रालय वितरण गर्ने भन्ने छलफलमा व्यस्त छन्। ओलीले वितरण गर्ने महत्त्वपूर्ण मन्त्रालयको जिम्मेवारी पाउन महन्थ ठाकुर पक्षका नेताहरूबीच होडबाजी नै चलेको छ, जोडदाररूपमा। त्यसो त नेपालको वर्तमान अन्योलपूर्ण अवस्थालाई विश्लेषकहरूले 'चार दिन कि चाँदनी, फिर अँधेरी रात'सँग दाँज्न थालेका छन्। यतिविघ्न राजनीतिक मुद्दाहरू अदालत जान थालेको यो पहिलोपटक हो। पहिले त इक्कादुक्का मात्र यस्ता मुद्दाहरू अदालत जान्थे। अचेल त न्याय नपाए गोर्खा जानू भन्ने स्तरका राजनीतिक मुद्दाहरू धमाधम अदालत पुग्न थालेका छन्। नेपालको राजनीतिक इतिहास सधैं नै के होला, कसो होला ? भन्ने रूपमा तरङ्गित हुने गरेको छ।



मन्तव्य

कुमार रुपाखेती

**यस्तै अवस्थामा सधैं कसो होला के होला भन्ने एकैनासे अन्योलमा रहिरहने हो भने यो मुलुकका जनता आँखा भएर पनि नदेख्ने, कान भएर पनि नसुन्ने, मुख भए तापनि बोल्न नसक्ने, मगज भएर पनि सोच्न नसक्ने अपाङ्ग हुने खतरा छ।**

जङ्गबहादुरले कोतपर्व र भण्डारखाल पर्व गर्दा पनि के होला को होला भन्ने अन्योल थियो। त्यस्तै राजाहरू (श्री ५) लाई श्री ३ हरूले कठपुतली बनाउँदा, २००७ सालको जनक्रान्तिले राणा फाल्दा, विपीको सरकार बन्दा, राजा महेन्द्रले राजनीतिक हस्तक्षेप गर्दा, २०४६ को जनआन्दोलन, राजा वीरेन्द्रको सपरिवार हत्या, माओवादीहरू दिल्ली सम्झौताबाट राजनीतिको मूलधारमा आउँदा, २०६२/०६३ को दोस्रो जनआन्दोलनताका, माओवादी नेतृत्वमा सरकार बन्दा, गणतन्त्रको घोषणा हुँदा होस् अथवा अहिले ओलीले पटक-पटक संसद् विघटन गर्दा नै किन नहोस्, सधैं र सबै परिवर्तनहरूले अन्योल र के होला-कसो होला भन्ने रणभुल्लमा नेपाली जनतालाई चटक देखाउँदै आएको छ। यति लामो अनिश्चितताको वातावरण त संसारको शायदै कुनै लोकतान्त्रिक र गणतान्त्रिक मुलुकले बेहोरेको होला। लोकतान्त्रिक मुलुक चलाउन कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको महत्त्वपूर्ण स्थान हुन्छ। तर बेला-कुबेला नेपालमा यी तीनवटै अङ्गबारे व्याख्या-अपव्याख्या भइरहन्छ। क्षमताविहीन राजनीतिक नेताहरूको बाहुल्यताले गर्दा नेपालको राजनीतिक सधैं धरमर रहने गरेको हो। राणाहरूको परिवारवाद, पञ्चायती व्यवस्थाका पञ्च र भारदारहरूको जगजगी, गणतन्त्र नेपालका नेताहरूको कुर्सी र पदप्रेमले गर्दा हाम्रो अवस्था बद से बदत्तर हुँदै गएको छ। मुलुक र जनताको तारणहारका रूपमा कुनै पनि राजनीतिक दलहरू प्रस्तुत हुन सकेका छैनन्। राणाशासनका बखतको एकतन्त्री र पञ्चायतकालको मनपरीतन्त्रको गन्ध सबै दलमा व्याप्त छ, जसले गर्दा मुलुक न हाँस, न कौवाको चालमा छ। भौगोलिक कारण र सांसारिक सम्बन्धले गर्दा धन्य हामीले गर्वले नेपाल र नेपाली भएको धक्कू लगाउन पाएका छौं। नेताहरूको बुता चल्ने भए त हामीले गर्व गर्ने यो एकथोकसमेत उहिल्यै अपहरण भइसक्थ्यो तर पुर्खाहरूले अर्जेको यो मुलुक सधैं सगरमाथाझैं अटल र स्थिर रहनेमा पनि कतिपय बेला यो पापी मन सशङ्कित हुने गर्दछ।

अहिले मुलुक कुन बाटोमा गइरहेको छ यकीन भन्न सकिने अवस्था छैन। किनकि सत्तापक्ष र इतरपक्षमा विभाजित वर्तमान नेपाली राजनीतिक परिवेशमा प्रजातन्त्रको नाममा आफ्नो मात्र राग अलाप्ने रोगले ग्रसित भएकाहरूले सत्य र तथ्यलाई एकादेशको कथा बनाइसकेका छन्। यो आधुनिक युगमा एकादेशको कथा पत्याउनेहरूको पनि कमी छ। अवस्था कतिसम्म उराठलाग्दो छ भने मुलुकको चौथो खम्बा भनिने पत्रकारितासमेत निष्कलङ्क र निष्पक्ष छैन। खेमा-खेमामा विभाजित पत्रिका र पत्रकारहरू आफ्नो विचार पस्किनुभन्दा आफ्नो पक्षको कथा कनीकुथी वाचन गरेर झन् ठूलो खाडल र भ्रम सृजना गरिरहेका छन्। त्यसैले त अचेल समाचार पढ्नु र सुन्नुभन्दा धारावाहिक हेरेर समय कटाउन रुचाउँछन् नेपालीहरू।

राजनीति होस् अथवा पत्रकारिता, न्यायालय होस् अथवा नेता सबै आफ्नै हितका मात्र कुरा सुन्न चाहने, अरूका बारेमा खरिखोटी सुनाउने प्रचलन हाम्रोमा प्रचुर मात्रामा बढेको छ, जसले गर्दा आम नेपाली वास्तविकताबाट धेरै टाढा र थुप्रै जल्दाबल्दा समस्याप्रति उदासीन देखिन्छन्।

यस्तै अवस्थामा सधैं कसो होला के होला भन्ने एकैनासे अन्योलमा रहिरहने हो भने यो मुलुकका जनता आँखा भएर पनि नदेख्ने, कान भएर पनि नसुन्ने, मुख भए तापनि बोल्न नसक्ने, मगज भएर पनि सोच्न नसक्ने अपाङ्ग हुने खतरा छ।

## भागी विवाह गरेका दलित युवतीलाई चरम यातना

प्रस, सर्लाही, १६ वैशाख/

सर्लाहीको विष्णु गाउँपालिकामा एकजना युवती हिंसाको शिकार भएकी छन्। विष्णु गापा-७ दुलबाका स्थानीयवासी शिवा राय यादवसँग भागी विवाह गरेकी युवती हिंसाको शिकार भएकी हुन्। वैशाख ५ गते सर्लाहीबाट भागेर बारामा बसेका युवक र युवती २० दिनपछि गाउँ फर्किए पनि युवकले आफ्नो घर लैजान मानेनन्। युवक र युवती दुवैजनाको सल्लाह अनुसार युवकले विवाह गर्ने भनी घरबाट लिएर भागेका थिए। २० दिनपछि गाउँ फर्किएका यादवले युवतीलाई 'तिमी मुसहर समुदायकी केटी हौं, तिमी आफ्नो घर जाऊ म तिमीसँग विवाह गर्दिनँ' भनी छाडिदिएको पीडित युवतीले बताइन्।

युवती आफ्नै घर जाँदा आमाबुबाले अस्वीकार गरेपछि यादवको घर गएको तर यादवको परिवारले आफूलाई पशुजस्तै बन्धक बनाएर राखेको पीडित युवतीको आरोप छ।

यादवको परिवारले युवतीलाई दाउरा राख्ने गोठमा १० दिनदेखि बन्धक बनाएर राखेको युवतीको भनाइ छ। घटनापछि यादव बेपत्ता भएको र युवतीलाई गोठमैं राखेर यातना दिइरहेको सर्लाहीका दलित अगुवा महेश पासवानले बताए।

युवतीले प्रहरीमा किटानी जाहेरी दिए प्रचलित कानून अनुसार युवकलाई कारबाई गर्ने जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सन्तोषसिंह राठौरले बताए।

### कोरोना.....

सङ्क्रमितको निगरानी र अनुगमन गर्न नसकिएको बताए। "स्वास्थ्यकर्मी पनि सङ्क्रमितकहाँ जान डराए, हिच्किचाए जस्तो अनुभव हामीले गरेका छौं," उनले भने, "सम्भव भएसम्म हामी आफैं पुग्छौं, नजीकको छिमेकीलाई पनि सङ्क्रमितको गतिविधि निगरानी गर्न लगाएका छौं।"

सङ्क्रमित आइसोलेशनमा नबसेको, स्वास्थ्य मापदण्ड पालना नगरेको, बाहिर हिंड्डुल गरेको पाइएमा छिमेकीले जनप्रतिनिधिलाई खबर गर्ने गरेका छन्। वडाध्यक्ष भण्डारीले समुदायस्तरमा कोरोना परीक्षणको दायरा बढाउन नसकिएको बताए। "टाढा-टाढा दुर्गमसम्म बस्ती छन्, सम्भावित सङ्क्रमितलाई परीक्षणको दायरामैं ल्याउन हामीलाई कठिन भइरहेको छ," उनले भने।

गलकोट नपाले एउटा एम्बुलेन्स र दुई जीपलाई सुरक्षित तवरले सङ्क्रमित र सम्भावित सङ्क्रमित बोक्न प्रयोगमा ल्याएको छ। स्वाब नमूना दिएको चार/पाँच दिनमा बल्ल रिपोर्ट आउँदा पनि व्यवस्थापनमा समस्या निम्तने गरेको छ। सदरमुकामस्थित धवलागिरि अस्पतालमा रहेको पिसिआर प्रयोगशालामा स्वाबको चाप छ।

सीमित स्रोतसाधनका बावजूद महामारीविरुद्ध सङ्घर्षरत स्थानीय तहका जनप्रतिनिधि पनि अहिले निर्धक्कसाथ सङ्क्रमितको घरदैलोमा पुगिरहेका देखिन्छन्। स्वास्थ्यकर्मीसहित जनप्रतिनिधि पुग्दा सङ्क्रमित र तिनका परिवारको मनोबल बढ्छ। कतिपय जनप्रतिनिधिले औषधि, पौष्टिक आहार, स्वास्थ्य सामग्रीसमेत बाँडिरहेका छन्।

धवलागिरि अस्पतालका प्रमुख चिकित्सक शैलेन्द्र विक पोखरेलले होम आइसोलेशनमा बसेका सङ्क्रमितको नियमित निगरानी गर्नुपर्ने बताए। "एकै रातमा पनि समस्या जटिल बन्न सक्छ," उनले भने, "स्वस्थकर आहार, उचित हेरचाह, नियमित स्वास्थ्य जाँचको व्यवस्था गर्नुपर्छ।"

होम आइसोलेशनमैं बसेका कतिपय सङ्क्रमितलाई स्वास्थ्य अवस्था जटिल बनेपछि मात्र अस्पताल ल्याउँदा बचाउन नसकिएको प्रमुख चिकित्सक पोखरेलले बताए। "गाउँमैं मेडिकलबाट आफूखुशी औषधि किनेर खाने गरेको पनि पाइएको छ," उनले भने, "अक्सिजन घट्न थाल्यो, सङ्क्रमितलाई श्वास फेर्न गाह्रो भयो भने तुरुन्त अस्पताल ल्याउनुपर्छ।"

धवलागिरि अस्पतालमा अहिले ३४ जना सङ्क्रमित उपचाररत छन्। तीमध्ये तीनजनाको सघन उपचार कक्षमा उपचार भइरहेको छ। स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार बढी छ। कोरोनाका कारण ३८ जनाले ज्यान गुमाएका छन्। २०७६ चैत १५ गते देशकै पाँचौं सङ्क्रमित भेटिएको यस जिल्लामा हालसम्म तीन हजार बढीमा कोरोना सङ्क्रमण देखिएको छ।



पोखरिया नगरपालिका–३ वसन्तपुर बजारको दृश्य हो । निषेधाज्ञा लागेदेखि यो बजार बन्द भएको छैन । बिहानदेखि बेलुकासम्म स्वास्थ्य र सुरक्षा मापदण्डविना बजार सञ्चालन हुन्छ । मास्क लगाउने, सामाजिक दूरी कायम गर्ने जस्ता कार्यहरू यहाँ भएको छैन । यसका साथै यो बजारमा अवैध घरेलु मदिरा बिक्री हुने हुँदा आसपासको गाउँबाट मानिसहरू मदिरासेवनको लागि पनि वसन्तपुर बजार आउने गरेका छन् । स्थानीय प्रहरी प्रशासनले स्वास्थ्य सुरक्षा मापदण्ड पूरा गरेर बजार सञ्चालन गर्नेतर्फ ध्यान दिएको छैन । तस्वीरः धर्मेन्द्र चौरसिया

# प्रदेशसभा सदस्य डा यादवद्वारा स्वास्थ्य सामग्री सहयोग

प्रस, वीरगंज, १६ जेठ/

प्रदेशसभा सदस्य डा अञ्जु यादवले



तस्वीरः सौजन्य

पुनर्जीवन नेपाललाई स्वास्थ्य सामग्री सहयोग गरेकी छन् ।

प्रदेशसभा सदस्य डा यादवले पुनर्जीवन नेपालका कार्यकारी निर्देशक अजितम पाण्डेलाई रोग प्रतिरोधात्मक क्षमता बढाउने औषधि कोड्रिट १ कार्टुन, कार्टगो १ कार्टुन, क्रुसिउमिन १० डब्बा, फेसशिल्ड, पञ्जा, सर्जिकल मास्कलगायतका स्वास्थ्य सामग्री उपलब्ध गराएकी छन् ।

डा यादवले यसअघि नारायणी अस्पताललाई स्वास्थ्य उपकरण र रेलवे कटेजलाई पनि खाद्यान्न सामग्री सहयोग गरेकी थिइन् ।

# एकै परिवारका १४ जना सङ्क्रमित

प्रस, सर्लाही, १६ जेठ/

सर्लाहीको हरिवन नगरपालिका–७ स्थित घुर्कौलीका एकै परिवारका १४ जना कोरोना सङ्क्रमित भएका छन् ।

परिवारका ५१ वर्षीय हजुरबुबादेखि ९ वर्षीय नातिनीसम्म सङ्क्रमित भएको हरिवन नगरपालिका–७ का अध्यक्ष नेत्रप्रसाद मैनालीले जानकारी दिए । उनले शुरूमा वैशाख २९ गते परीक्षण गराउँदा ५१ वर्षीय पुरुषका भाइबुहारीमा कोरोना सङ्क्रमण देखिएको बताए । त्यसपछि परिवारका अन्य १२ सदस्यको स्वाब परीक्षण गर्दा उनीहरूमा पनि सङ्क्रमण देखिएको बताए ।

यसैगरी, हरिवन नगरपालिका–११ मा पनि एउटै परिवारमा पाँचजनासम्म सङ्क्रमित भएको वडाध्यक्ष शेख महबुब रेजाले जानकारी दिएका छन् ।

# प्रादेशिक जनकपुर अस्पताल सुधारका लागि समिति गठन

प्रस, जनकपुरधाम, १६ जेठ/

प्रदेश सरकारले प्रादेशिक अस्पताल जनकपुरधामको सुधारको लागि उच्चस्तरीय तीन सदस्यीय समिति गठन गरेको छ ।

अस्पतालको समग्र सेवा सुविधासम्बन्धी प्रतिवेदन तयार गर्न प्रदेश सरकारले समिति गठन गरेको हो । जनगुनासो बढेपछि मुख्यमन्त्री लालबाबू राउत गद्दीले अस्पतालको अवस्थाबारे जानकारी लिन बैठक बोलाएका थिए । बैठकमा अस्पतालका मेडिकल सुपरिटेन्डेन्टलगायतका चिकित्सकले अस्पतालको समस्या र समाधानका उपायबारे धारणा राखेका थिए ।

चिकित्सकहरूको सुझावहरू सङ्कलन गर्दै अस्पताल सुधारका भावी कार्ययोजनासम्बन्धी प्रतिवेदन तयार गर्न प्रदेश सरकारले मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा रामकेवल साहको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको छ । सामाजिक विकास मन्त्रालयका सचिव इमनारायण श्रेष्ठ र प्रादेशिक स्वास्थ्य निर्देशनालयका निर्देशक विजय झा सदस्य रहेको उक्त समितिलाई अस्पतालका वरिष्ठ चिकित्सकको सल्लाहमा प्रतिवेदन तयार गर्ने जिम्मेवारी दिइएको छ । चार दिन समयसीमा पाएको समितिले अस्पतालको उपचार, कर्मचारी व्यवस्थापन, प्रतिष्ठान अन्तर्गत गएपछि गरिनुपर्ने संरचनागत परिवर्तनलगायत अन्य सुविधालाई समेटेर प्रतिवेदन तयार गर्ने जिम्मेवारी पाएको छ ।

बैठकमा प्रमुख सचिव गोकर्णमणि दुवाडी, मुख्यन्यायाधिवक्ता दीपेन्द्र झा, सचिव यमप्रसाद भुषाल, सामाजिक विकास मन्त्रालयका सचिव श्रेष्ठ, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सञ्जय सिंह, आपूर्ति महाशाखाका निर्देशक डा प्रमोदकुमार यादव, अस्पतालका मेसु डा प्रमोद यादवलगायतको सहभागिता थियो ।

# जमदार चौधरीले रवाना बुझेनन्

प्रस, पर्सागढी, १६ जेठ/

सबडिभिजन वन कार्यालय मधुवन मथवल, बडनिहारमा कार्यरत जमदार अर्जुन चौधरीले रवाना नबुझेर अटेर गर्दै आएका छन् ।

दुई साताअगाडि सो कार्यालयमा कार्यरत पाँचजनाको सरुवा भएको थियो । जमदार अमर सिंह, फरेस्टर सुरेश कोइरी, वनरक्षक रामविलास ठाकुर, हरिन्द्र ठाकुर र जमदार अर्जुन चौधरीको सरुवा भएकोमा चारजनाले रवाना बुझेर सरुवा भएको ठाउँमा हाजिर भएका छन् तर चौधरीले अहिलेसम्म रवाना बुझेका छैनन् । उनी कार्यालयमा अहिले पनि हाजिरी गरेर बसेका छन् ।

चौधरीको घर पर्सागढी नगरपालिका–३ बडनिहारमा छ, जहाँ सबडिभिजन कार्यालय छ । स्थानीय भएको कारण उनको काठ तस्कर र अवैध फर्निचर उद्योगसँग साँठगाँठ छ । यही कारणले यहाँबाट उनी अन्यत्र सरुवा लिएर जाँदैनन् । चौधरीको अवैध संलग्नताबारे विभिन्न सञ्चारमाध्यममा पटक–पटक समाचार प्रकाशन भइसकेको छ । लामो समयदेखि चौधरी सोही कार्यालयमा ड्युटी गर्दै आएका छन् । उनको सरुवा यसअघि भएपनि रवाना नबुझेर सोही ठाउँमा बस्दै आएका छन् र यसपटक पनि उनले रवाना बुझेनन् ।

सहायक वन अधिकृत सुरेश भगतले चौधरीको डिभिजन वन कार्यालय पर्सामा सरुवा भएको तर हालसम्म रवाना नबुझेको बताए । उनले रवाना नबुझेका चौधरीलाई भने कार्यालयमा हाजिर गराएर बसाएका छन् ।

# खाल्डोमा डुबेर दाजुभाइको मृत्यु

प्रस, महोत्तरी, १६ जेठ/

महोत्तरीको रामगोपालपुर नगरपालिका–९ गोठबनौलीमा खाल्डोमा डुबेर दाजुभाइको मृत्यु भएको छ ।

रामकरण मण्डलका १० वर्षीय छोरा आशिक कुमार र नौ वर्षीय प्रेम कुमारको खाल्डोमा डुबेर मृत्यु भएको महोत्तरी प्रहरीले जनाएको छ ।

एमपिएस इँटा उद्योगले माटो झिक्न खनेको खाल्डोमा डुबेर दाजुभाइको मृत्यु भएको प्रहरीले जनाएको छ ।

शनिवार साँझ वर्षाको पानी जम्मा भएको खाल्डोमा डुबेका दाजुभाइलाई देखेपछि स्थानीयले उद्धार गरी उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र लगेका थिए । त्यहाँबाट थप उपचारका लागि जिल्ला अस्पताल जलेश्वर ल्याउने क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

शव शल्यपरीक्षणका लागि जलेश्वर अस्पतालमा राखिएको र घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मुसहर परिवारलाई राहत वितरण

प्रस, सप्तरी, १६ जेठ/

कञ्चनरूप नगरपालिका–५ र ४ का एक सय मुसहर परिवारलाई राहत वितरण गरिएको छ ।

स्टोरिज अफ नेपाल समुदायको सहयोग र दलित सरोकार मञ्च नेपाल, कञ्चनरूप नगरपालिका–८ सप्तरीको समन्वयमा एक सय मुसहर परिवारलाई राहत वितरण गरिएको हो ।

कञ्चनरूप नगरपालिका–५ पिपरा, रामपुर पथरी र कञ्चनरूप नपा–४ बकालमा मुसहर प्रतिपरिवारलाई २५ किलो चामल, ३ किलो दाल, २ लिटर तेल, ३ किलो मुरही, २ किलो प्याज, साबुन, सेनिटरी प्याड र फिनेल वितरण गरिएको दलित सरोकार मञ्चका कार्यक्रम संयोजक सुनील सरवरियाले बताए ।




# महुवनी पद्म माविमा चोरी

प्रस, पोखरिया, १६ जेठ/

पोखरिया नगरपालिका–६ महुवनी सेट चोरी गरेको विद्यालयका प्रअ लालबाबू पटेलले बताए ।



तस्वीरः प्रतीक

पद्म मावि रानीगंज श्रीसियामा चोरी भएको छ ।

गएराति चोरले ताल्चा तोडेर विद्यालयमा भएको एक थान कम्प्युटर

इप्रका पोखरियाका प्रनि दीपक थापाले हेक्सा ब्लेडले ताल्चा काटेर चोरी गरिएको बताउँदै घटना सम्बन्धमा अनुसन्धान भइरहेको जानकारी गराए ।

# अक्सिजन बैंकलाई सहयोग

प्रस, वीरगंज, १६ जेठ/

कलैया उपमहानगरपालिकामा रुपैयाँको चेक हस्तान्तरण गरे । उनले लायन्सले सञ्चालन गरेको अक्सिजन



तस्वीरः प्रतीक

लायन्स क्लबले स्थापना गरेको अक्सिजन बैंकलाई कलैया सिटी जेसीज र क्यानडामा रहेका नेपालीहरूले आर्थिक सहयोग गरेका छन् ।

कलैया सिटी जेसीजका अध्यक्ष शम्भु गुप्ताले लायन्स क्लब अफ कलैयाका अध्यक्ष दिलीप चौधरीलाई ३० हजार बैंकमा अक्सिजन सिलिन्डर रिफिलिङ गर्न सहयोग होस् भनेर चेक हस्तान्तरण गरेको बताए । यसैगरी, क्यानडामा बसेका नेपालीहरूको संस्था नेप्लिज क्यानडियन सेन्टरले ५३ हजार ७५५ रुपैयाँ सहयोग गरेको क्लबका अध्यक्ष चौधरीले बताए ।

**बजेट.....**

नदेखेको बताए । उनले साढे १६ खर्बको बजेटमा पूँजीगत खर्चतर्फ ११ अर्ब छुट्याइएको र बाँकी सबै चालू र अन्य शीर्षकमा भएकाले चालू आवको आर्थिक वृद्धिदर २ प्रतिशतमुनि रहने उनको जिकिर थियो । उनले गत आवको जिडिपी साढे २ प्रतिशत ऋणात्मक भएकोले आगामी आवको आर्थिक वृद्धिदर २ प्रतिशत मुनि रहने बताए । ४ प्रतिशत र साढे ६ प्रतिशत आर्थिक वृद्धिदर अनुमान गर्नु दिवास्वप्न भएको उनले आकलन गरे । उनले सरकारले कोभिड महामारीसँग जुध्न राम्रो बजेट ल्याएको बताए । उनले कुल बजेटमा करीब पौने २ खर्ब स्वास्थ्यमा बजेट विनियोजना गरेकोमा २६ अर्ब मात्र खोप खरीदको लागि र बाँकी अस्पतालको पूर्वाधार, अक्सिजन प्लान्ट, स्वास्थ्य सामग्री, जनशक्तिको छुट्याउनु राम्रो रहेको बताए । यसले नेपाल कोरोना महामारी नियन्त्रण गर्न ठीक दिशामा अघि बढेको बताए । उनले अर्थमन्त्री पौडेल सकारात्मक व्यक्ति भएकाले सकारात्मक बजेट आएको बताए । साथै, उनले बजेट कार्यान्वयन गराउने रणनीतिमा सरकारले उत्तरदायित्व निर्वाह गर्ने विश्वास व्यक्त गरे । उनले अर्थमन्त्री पौडेल र नेपाल राष्ट्र बैंकका गभर्नर महावीरप्रसाद अधिकारीको सक्रियतामा कोभिडबाट थलिएका उद्योग–व्यवसाय जगत्का समस्यालाई पनि समाधान गर्न सरकारले पुनर्कर्जा, ब्याज जरिवाना मिनहा, कम ब्याजदरमा ऋण, डिमान्ड शुल्कमा छुट, चलचित्र उद्योग तथा पर्यटन उद्योगको लागि सुविधालगायतलाई बजेटले छोएर सकारात्मक सन्देश दिएको बताए ।

अर्थविद् इन्दुशेख मिश्रले सरकारले ल्याएको बजेट मतदातालाई रिझाउने खालको भएको बताए । उनले कोभिडलाई नियन्त्रण गर्न र कोभिडबाट भएको आर्थिक क्षतिलाई पुनर्स्थापना गर्ने लक्ष्य पूरा गर्ने योजनाबाहेक अन्य नयाँ कुरा आफूले नदेखेको टिप्पणी गरे ।

नेपाल शिक्षक सङ्घ पर्साका अध्यक्ष प्रदीप जैसवालले बालविकास र कर्मचारीको हकमा केन्द्र सरकारले ८ हजार र स्थानीय सरकारले ७ हजार दिने गरी १५ हजार तलब पुऱ्याउने भनेकोमा स्थानीय सरकारले त्यो तलब दिन्छ कि दिँदैन अन्योलमा रहेको बताए । उनले शिक्षकको लागि खोपको व्यवस्थाबारे बजेटमा उल्लेख नभएको बताए । शिक्षकहरूको लागि सरकारले रु दुई हजार भत्ता थप गर्नेबाहेक खासै सम्बोधन नगरेको उनको बताए । निजामती कर्मचारीका लागि अस्पताल तथा विद्यालय खोल्ने भनेकोमा शिक्षकका लागि अस्पतालबारेमा सरकारले केही नबोलेको उनको बताए ।

जुडो प्रशिक्षक पृथ्वी आलोक कुशवाहाले खेलकूद क्षेत्रमा पहिलेभन्दा बजेट बढाइएको बताए । उनले पूर्वखेलाडीलाई न्यूनतम ब्याजमा कर्जा उपलब्ध गराउने सरकारले योजना सकारात्मक भएको बताए । खेलकुदको भौतिक पूर्वाधारको लागि बजेटमा उल्लेख गर्नु खेलाडीहरूको लागि खुशीको कुरा भएको उनको भनाइ थियो ।

**टर्सरी........**

यस विषयमा उपभोक्ता समितिका अध्यक्ष कुशमीदेवीका पति दिनेशप्रसाद कलवारसँग बुझ्दा निर्माण कार्य आफैंले गराएको बताए । तर स्थानीयले लगाएको आरोप सही नभएको र योजना अनुसार १९० मिटरको टर्सरी ढलान कार्य राम्ररी भएको बताए । ढलान गर्दा मसला बढी भएपछि टर्सरी फुट्न थालेको बताए । मसला फाल्नुभन्दा सोही काममा लगाएको उनको तर्क थियो ।

यस विषयमा सिंचाइ कार्यालयका साइट इन्जिनीयर रूपनारायण चौरसियासँग बुझ्दा स्थानीयको आरोपपछि आफैंले स्थलगत निरीक्षण गरेको बताए । उनले लगत अनुसार काम राम्रो भएको दाबी गरे । सामान्य त्रुटि भएकोमा सुधार गर्न आफूले निर्देशन दिएको बताए । हालसम्म सो योजनाको भुक्तानी नभएको ई. चौरसियाको भनाइ थियो ।



**स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी**

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं । - फूटपाथमा जथाभावी पसल नराखौं । - मास्क र पञ्जा प्रयोग गरौं ।
- अनावश्यक भीडभाड नगरौं । - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं । - वन-वे, टु-वे नियम पालना गरौं । - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं । - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं ।

